अनुसूची - एक

स्थानीय तहको रोजगार रणनीतिको नमूना ढाँचा

# अजयमेरु गाउँपालिकाको स्थानीय रोजगार रणनीति

(आ.व. २०८०/०८१-२०८५/०८६ सम्म)

श्री अजयमेरु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय भद्रपुर, डडेल्धुरा,

सुदूरपश्चिम प्रदेश, नेपाल ।

# विषय सूची

## खण्ड . एक रणनैतीक सन्दर्भ

### १.पृष्ठभूमि :

अजयमेरु गाउँपालिकाका अधिकांश मानिसहरू अव्यवसायिक कृषि र पशुपालनमा संलग्न रहेका छन् भने सामान्य दैनिक घर गुजाराको लागि ज्याला मजदुरी तथा व्यापार व्यवसाय जस्ता अन्य कामको पनि सहायता लिनुपर्ने अवस्था रहेको पाइन्छ । पूर्ण रुपमा कुनै एउटै पेशाबाट जीवन निर्वाह गर्न सकिने अवस्था नहुँदा समय समयमा पेसा परिर्वतन गर्नुपर्ने वाध्यता रहेको र सिँचाईको अभावका कारण कृषिमा प्रभावकारिता नहुँदा बेरोजगारको संख्यामा बृद्धि भई धेरै जसो युवाहरू घर गुजाराको लागि भारत तथा अन्य विदेशी मुलुक जाने गरेको र महिलाहरूले गाई बाखा भैँसी तथा सामान्य परम्परागत कृषि तथा ज्याला मजदुरी गर्ने गरेको पाइन्छ ।

विद्यमान बेरोजगारीको विकराल समस्यालाई अन्त्य गर्न, नेपालको संविधानको धारा ३३ मौलिक हकको रुपमा रहेको रोजगारीको हकलाई कार्यान्वयन गर्न तथा मुलुकभित्र पर्याप्त रोजगारीको अवसर सृजना गर्न प्रत्येक स्थानीय तहले आ आफनो स्थानीस तह भित्रका रोजगार तथा बेरोजगारको व्यक्तिहरूको अवस्था विश्लेषण गर्नु अत्यावश्यक रहेको हुँदा यस अजयमेरु गाउँपालिका भित्रका बेरोजगारहरूको समस्यालाई मध्य नजर गर्दै यो रणनीतिक योजना तयार पारिएको हो ।

### २. रोजगार रणनीतिको आवश्यता / औचित्य

भौगोलिक दृष्टिले पहाडी क्षेत्रमा रहेको यो गाउँपालिका प्राकृतिक दृष्टिले सुन्दर हुनुका साथै ऐतिहासिक स्थानको रुपमा परिचित छ । यहाँ प्राचीन समयमा मल्ल राजाहरूले राज गरेको किम्बदंती रहेको पाइन्छ साथै देवल दिव्यपूर जस्ता पुरातात्विक सम्पदाहरू रहेको यस गाउँपालिकामा जगन्नाथ , कोला समैजी, वीर बेताल, दुर्गा भगवती मन्दिर, डागेश्वरी माता मन्दिर तथा गंगेश्वर मन्दिर जस्ता धार्मिक स्थानहरू रहेका हुँदा पर्यटकीय क्षेत्रको रुपमा विकास गरी रोजगारीका अवसरहरूको विस्तार गर्न सकिने पूष्पर्वानुमान गर्न सकिन्छ साथै यस गाउँपालिका रहेको कृषियोग्य भूमिको रहेको सिचाई अभाव तथा युवा जनशक्ति विदेश पलायन भएका कारण कृषि उत्पादनमा भएको क्षतिलाई कम गर्न विदेशवाट फर्केर नेपालमै काम गर्न चाहने युवाहरूलाई गाउँपालिकाले प्रोत्साहन कार्यक्रम आयोजना गरी बेरोजगारी तथा अजयमेरु गाउँपालिकाको सामाजिक आर्थिक अवस्थामा स्तारोन्नत्ती गर्न सकिन्छ । रोजगारीका असंख्य सम्भानाहरूको खोजी गरी गाउँपालिकाको चौतर्फी विकास गर्नुका साथै तपशिल बमोजिमका चुनौतिहरूको सामना गर्न रोजगार रणनीति तजुर्मामा गर्नु अपरिहार्य हुन्छ ।

- श्रम रोजगार र योगदानमा आधारित सामाजिक सुरक्षासँग सम्बन्धित दीर्घकालीन स्थानीय लक्ष्य प्राप्तिका लागि विकास कार्यक्रम बीच सामञ्जस्यता कायम गर्ने,
- गाउँपालिका भित्र मर्यादित रोजगारीको लागि उद्यमशिलताको विकास र आन्तरिक रोजगारीको प्रवर्द्धन गर्ने,
- श्रम र वैदेशिक रोजगार सम्बन्धी सेवालाई जवाफदेही पारदर्शी सदाचार ,जनमुखी ,सूचना प्रविधिमैत्री नतिजा उन्मुख र व्यवसायिक बनाई सुशासन प्रवर्द्धन गर्न, सुरक्षित मर्यादित र

व्यवस्थित वैदेशिक रोजगार को लागि श्रम स्वीकृति र पुनः श्रम स्वीकृति सेवा लाई व्यवस्थित र भरपर्दो बनाउदै लैजाने ।

- संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरी सहकार्य एवम् सहयोगका क्षेत्र हरूको पहिचान गरी अन्तर सरकारी सम्बन्धलाई प्रभावकारी तुल्याउने रणनीति तथा कार्यनीति तय गर्न ।
- रोजगार दाताको पहिचान , सीपमूलक तालिम प्रदान गरी बेरोजगारको योग्यता र क्षमताको आधारमा इच्छुक सबै बेरोजगारलाई स्वरोजगार बनाउन तथा न्यूनतम रोजगारी उपलब्ध गराउन ।

**३. अध्ययन पद्धति :**

- सर्वेक्षण विधि ,
- अनुसन्धान , खोज विधि,
- व्याख्यात्मक विधि ।

**४.क्षेत्र :**

अजयमेरु गाउँपालिका अन्तर्गतका ६ वटै वडा कार्यालयभित्र बसोवास गर्ने १८ देखि ५९ बर्ष उमेर समूहका व्यक्ति यस रोजगार रणनीतिको क्षेत्र अन्तर्गत रहने छन् ।

**५.सीमा :**

यस रोजगार रणनीतिको सीमा गाउँपालिका भित्रका देहाय बमोजिमका व्यक्तिलाई जीवनोपयोगी सीप तथा जीवनयापनका लागि न्यूनतम रोजगार प्रदान गर्नु यस रोजगार रणनीतिको सीमा रहने छ -

- गरीब परिचयपत्र प्राप्त गरेका परिवार,
- सुकुम्बासी ,
- दलित परिवार ,
- महिला तथा एकल महिला,
- विदेशवाट फर्केर नेपालमै काम गर्न चाहने युवा ,
- १८ देखि ५९ वर्ष सम्मका पूर्ण बेरोजगार,
- अनौपचारिक रुपमा साना तथा घरेलु व्यवसाय संचालन गरिराखेका ।

**खण्ड : २ वर्तमान अवस्थाको विश्लेषण**

भविष्यको कार्यदीशा निर्धारण गर्नको लागि वर्तमान पृष्ठभूमिको ज्ञान हुनु अनिवार्य हुन आउँछ । यस अजयमेरु गाउँपालिकाको बर्तमान रोजगारी, भू -उपयोगको अवस्था , वन, माटोको अवस्था पशुपालन शिक्षा स्वास्थ्य तथा अन्य रोजगार तथा स्वरोजगारको अवस्था देहायअनुरुप रहेको छ ।

| राष्ट्रिय जनगणनाका २०७८ को आधारमा हाम्रो गाउँपालिकाको जम्मा जनसंख्या | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वडा कार्यालयमा** | | | | | | | | | | | |
| १ | | २ | | ३ | | ४ | | ५ | | ६ | |
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १२५२ | १००४ | १८९० | १६०० | १०२८ | ८८२ | १२४७ | १११९ | १४२९ | १२२० | १२९४ | ११९६ |
| २२५६। | | ३४९०। | | १९१०। | | २३६६। | | २६४९। | | २४९० | |
| अजयमेरु गा. पा.को कुल जनसंख्या : १५१६१<br>श्रम योग्य जनसंख्या : ७९१४ | | | | | | | | | | | |

| गाउँपालिकामा कार्यरत कर्मचारी विवरण | | | | | |
|---|---|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत : १ स्थानीय | | | | | |
| क्र.सं. | शाखा कार्यालय | जम्मा कर्मचारी | स्थानीय कर्मचारी | अन्य स्थानीय कर्मचारी | |
| १ | शिक्षा युवा तथा खेलकुद शाखा | १० | १० | ० | |
| २ | कृषि विकास शाखा | ३ | १ | २ | |
| ३ | पशु विकास शाखा | १ | १ | ० | |
| ४ | रोजगार सेवा केन्द्र | ३ | २ | १ | |
| ५ | सामान्य प्रशासन शाखा | २ | २ | ० | |
| ६ | पञ्जिकरण शाखा | १ | १ | ० | |
| ७ | भौतिक पूर्वाधार विकास शाखा | ५ | ५ | ० | |
| ८ | खानेपानी तथा सरसफाइ | १ | १ | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | इकाई | | | | |
| ९ | सूचना प्रविधि शाखा | १ | १ | ० | |
| १० | जिन्सी शाखा | १ | १ | ० | |
| ११ | लेखा तथा आ. ले .प शाखा | २ | ० | २ | |
| १२ | स्वास्थ्य शाखा | ३ | २ | १ | |
| १३ | का.स. | ४ | २ | २ | |
| १४ | गा.पा ड्राइभर | ४ | ४ | ० | |
| १५ | पाले | २ | २ | ० | |
| | **जम्मा** | **४४** | **३६** | **८** | |


| गाउँपालिकाको वर्तमान रोजगारीको आवस्था | वडा कार्यालयमा | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | जम्मा | कैफियत |
| जम्मा विद्यालयको संख्या | ६ | ५ | ४ | ५ | ३ | ७ | ३० | |
| जम्मा शिक्षक | ७० | ५३ | ४२ | ६१ | २७ | ७३ | ३२६ | सर्वेक्षण |
| स्थानीय शिक्षक संख्या | ५० | ५१ | ३८ | ५३ | २२ | ६५ | २७९ | |
| अन्य स्थानबाट | २० | २ | ४ | ८ | ५ | ८ | ४७ | |
| स्वास्थ्यचौकी इकाइ | २ | २ | २ | २ | २ | २ | १२ | |
| जम्मा कर्मचारी | १३ | ८ | ११ | ८ | ११ | १० | ६१ | |
| स्थानीय कर्मचारी | ९ | ४ | ६ | ७ | ८ | १० | ४४ | |
| अन्य स्थानीय | ४ | ४ | ५ | १ | ३ | ० | १७ | |
| वडा कार्यालयमा कार्यरत जम्मा कर्मचारी | ९ | ९ | ८ | ९ | १० | ७ | ५२ | |
| स्थानीय कर्मचारी | ८ | ८ | ८ | ८ | १० | ७ | ४९ | |
| अन्य स्थानीय | १ | १ | ० | १ | ० | ० | ३ | |
| बैंक | ० | ४ | १ | ० | ३ | ० | ८ | |
| जम्मा कर्मचारी | ० | ४ | ७ | ० | ३ | ० | १४ | |
| स्थानीय कर्मचारी | ० | ४ | ५ | ० | ३ | ० | १२ | |
| अन्य स्थानीय | ० | ० | २ | ० | ० | ० | २ | |
| सहकारी संस्था | २ | २ | १ | १ | ० | ० | ६ | |
| जम्मा कर्मचारी | ३ | ४ | ३ | ६ | ० | ० | १६ | |
| स्थानीय कर्मचारी | ३ | ४ | २ | २ | ० | ० | ११ | |
| अन्य स्थानीय | ० | ० | १ | ४ | ० | ० | ५ | |
| आयुर्वेद सेवा | ० | ० | १ | ० | ० | ० | १ | |
| जम्मा कर्मचारी | ० | ० | २ | ० | ० | ० | २ | |
| स्थानीय कर्मचारी | ० | ० | १ | ० | ० | ० | १ | |


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अन्य स्थानीय | ० | ० | १ | ० | ० | ० | १ | |
| आँखा उपचार केन्द्र | ० | ० | १ | ० | ० | ० | १ | |
| जम्मा कर्मचारी | ० | ० | २ | ० | ० | ० | २ | |
| स्थानीय कर्मचारी | ० | ० | ० | ० | ० | ० | ० | |
| अन्य स्थानीय | ० | ० | २ | ० | | ० | २ | |
| निजि रोजगार दाताको संख्या | ० | ६ | १० | ३ | ५ | ० | २४ | |
| जम्मा रोजगारी प्रदान गरेको संख्या | ० | २० | १५ | ३ | ८ | ० | ४६ | |
| स्थानीय रोजगार | ० | १८ | १५ | ३ | ८ | ० | ४४ | |
| अन्य स्थानीय | ० | २ | ० | ० | ० | ० | २ | |
| **जम्मा रोजगार प्राप्त संख्या ५१९** | | **जम्मा स्थानीय रोजगार : ४४०** | | | | **अन्य स्थानीय कर्मचारी : ७९** | | |

| **गाउँपालिका भित्र रहेका उद्योगको संख्या** | | | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| **वडा कार्यालय** | **१** | **२** | **३** | **४** | **५** | **६** | | |
| काष्ठ उद्योग | ० | २ | १ | ० | १ | १ | ५ | |
| दाना उद्योग | ० | ० | १ | ० | ० | ० | १ | |
| डेरी उद्योग | ० | १ | १ | ० | ० | ० | २ | |
| ह्याचरी उद्योग | १ | १ | १ | ० | ० | ० | ३ | |
| उखु उद्योग | २ | १ | २ | ३ | ० | २ | १० | |
| मसाला उद्योग | ० | ० | ० | १ | ० | ० | १ | |
| कुटानी पिसानी तथा पेलानी उद्योग | ७ | ४ | ५ | १० | ४ | ८ | ३८ | |
| मूर्ति तथा भाडा उद्योग | ० | ८ | २ | ० | ७ | २ | १९ | परम्परागत रुपमा सञ्चालनमा रहेका व्यवसायहरू |
| आरनसँग सम्बन्धित व्यवसाय | ८ | २४ | ८ | **८** | **११** | **१२** | ७१ | |
| सुन व्यवसायी | ० | १ | १ | १ | १ | ० | ४ | |
| माटोको भाँडा | ० | ३ | ० | ० | ० | ० | ३ | |


| जनगणना २०७८ का आनुसार १० बर्ष माथिको रोजगारीको अवस्था | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ महिनाभन्दा कम काममा संलग्न | | | ३ भन्दा बढी ६ महिनाभित्र काममा संलग्न | | | ६ महिनामाथि काममा संलग्न भएका | | | पूर्णबेरोजगार | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ३६९ | ५२२ | ८९१ | ९७० | ४७४ | १४४४ | ३२९६ | ३१३१ | ६४२७ | २०६८ | १६७८ | ३७४६ |
| जम्मा श्रमिक ८७६२<br>जनगना २०७८ अनुसार जम्मा काम नगर्ने व्यक्ति ६०८१ रहेका छन् जसमध्ये जेष्ठ नागरिक १९२२ , १० - १८ मुनिका बालबालिका २६७२ जना रहेका छन् । | | | | | | | | | | | |


| **जनगणना २०७८ का आधारमा वैदेशिक रोजगारीमा रहेका कामदारहरूको संख्या** | | | | |
|---|---|---|---|---|
| विवरण | नेपाल | सुदूरपश्चिम | डडेल्धुरा | अजयमेरु |
| विदेशमा रहेको कूल जनसंख्या | २१९०५९२। | ३४३५२३। | १५५१८। | ११२६। |
| कामका लागि विदेशमा रहेको जनसंख्या | १७०६०४८ | २५३५३५ | १२५४४। | ९८२। |



| जनगणना २०७८ का **आधारमा वैदेशिक रोजगारीमा रहेका कामदारहरूको संख्या** | | | | | | |
|---|---|---|---|---|---|---|
| विवरण | डडेल्धुरा | | | अजयमेरु | | |
| | महिला | पुरुष | कुल | महिला | पुरुष | **कुल** |
| विदेशमा रहेको कुल जनसंख्या | २८२९ | १२६६९ | १५५१८ | १२९ | ९९७ | **११२६** |
| कामका लागि विदेशमा रहेको जनसंख्या | १३०२ | ११०२२ | १२५४४ | ६७ | ९१५ | **९८२** |








| **वैदेशिक रोजगारीबाट फर्किएका नेपालमै काम गर्न चाहने कामदारहरू** |
|---|

पुन : एकीकरण कार्यक्रममा सहभागीताको लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिले वडा कार्यालयमा दिएको निवेदनका आधारमा जम्मा १३४ जना रहेका छन् ।

रोजगार सेवा केन्द्रमा दर्ता बेरोजगारको अवस्था

| आर्थिक वर्ष | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|---|
| बेरोजगार संख्या | ६९३ | १७६६ | ३३३९ | २६७३ | ३५४९ | ३२५५ |
| न्युनतम रोजगारमा संलग्न | ६९३ | १०११ | ७११ | ६९९ | २७१ | १०० |



४०००
३५००
३०००
२५००
२०००
१५००
१०००
५००
०
२०७५/०७६
२०७६/०७७
२०७७/०७८
२०७८/०७९
२०७९/०८०
२०८०/०८१
२ बेरोजगारको संख्या
३ न्युनतम रोजगारमा संलग्न

**(क) भू-उपयोगको अवस्था :** गाउँपालिकाको कुल क्षेत्रफल १४९.६२ हेक्टर छ । वडा नम्बर ३ मा सबै भन्दा कम खेत छ भने वडा नम्बर १ मा सबै भन्दा धैरै खेत रहेको छ ।

**जग्गा रोपनीमा**

| क्र.सं. | वडा नम्बर | खेत | पाखो | खरवारी | जम्मा |
|---|---|---|---|---|---|
| १ | १ | १०७७ | ५५०.२ | २६०.१ | १८८७ |
| २ | २ | १०४७ | ६३१९. | ५५२.२ | ७९१८ |
| ३ | ३ | २८४ | २२५२ | ७८४.५ | ३३२१ |
| ४ | ४ | ३८५.५ | ३१३२ | १२४४ | ४७६१ |
| ५ | ५ | ९२०.५ | २४७७ | १३३७ | ४७३४ |
| ६ | ६ | ४६१.२ | १६३० | ३३८.५ | २४२९ |
| जम्मा | - | ४१७६ | १६३६० | ४५१५ | २५०५० |

गाउँपालिकाको कुल क्षेत्रफलको ३९ प्रतिशत उपभोग्य जमिन रहेको छ भने ६१ प्रतिशत जमिन बाँझो छ ।

**(ख) वन क्षेत्रको स्थिति :**

डिपार्टमेन्ट अफ फरेस्ट रिसर्च एण्ड सर्वेका अनुसार अजयमेरु गाउँपालिकाको कूल क्षेत्रफलको ५४.३ प्रतिशत वन क्षेत्रले ओगटेको छ । अजयमेरु गाउँपालिकाको कूल क्षेत्रफल १४९८२ हेक्टर मध्ये वन जंगलले ढाकेको ७०३२ हेक्टर (४७ प्रतिशत) रहेको छ । यस क्षेत्रमा मुख्य रुपमा सबै भन्दा बढी सल्ला वन त्यसपछि मिश्रत चौडापाते वन , बाँझ, देवदार आदिको वन रहेको छ भने माथिल्लो लेकाली क्षेत्रमा केही जडीबुटी युक्त वनहरू लगायत कटुस, धुपी सल्लाः लालीगुँरास अमला हर्रो जस्ता प्रजातीहरू पाइन्छन् । क्षेत्रफलको हिसाबले वडा नं. १ मा सबैभन्दा बढी वन क्षेत्र रहेको छ भने वडा नं ३ मा सबैभन्दा कम वन क्षेत्र रहेको पाइन्छ । जिल्ला वन कार्यालयको तथ्यांकअनुसार यस गाउँपालिकामा ०७४ असार मसान्त सम्म ५३ वटा सामुदायिक वन नवीकरण सहित हस्तान्तरण भएका भएका छन् तिनीहरूको कुल क्षेत्रफल ३३४९ हेक्टर रहेको छ जुन यस क्षेत्रको कुल वनको प्रतिशतको तुलनाम ४७.६४ प्रतिशत रहेको छ ।

## २.५.४ सिंचित क्षेत्र तथा सिंचाई प्रणाली

कुल खेतीयोग्य जमिनमध्ये ४५३ रोपनी सिंचित क्षेत्र रहेको गाउँपालिकामा १००३ रोपनी जग्गामा सिंचाई सुविधा पुग्न सकेको छैन । कतिपय उच्च पहाडी क्षेत्र रहनु र खोला तथा नदीको अभावमा सबै जग्गामा सिंचाई पुग्न नसके हो ।

| वडा नम्बर | सिंचित क्षेत्र (रोपनीमा) | असिंन्चत क्षेत्र (रोपनीमा) | कैफियत |
|---|---|---|---|
| वडा नं. १ समैजी | ३४ | १३६ | स्रोत : अजयमेरु गाउँपालिकाको पञ्च वर्षीय आवधिक योजना |
| वडा नं. २ अजयमेरु | ६८ | ३७ | |
| वडा नं. ३ भद्रपुर | २२ | २१४ | |
| वडा नं. ४ चिपुर | १२ | ६ | |
| वडा नं. ५ देवल | ३२७ | ४२१ | |
| वडा नं. ६ जनचेतना | ८० | १८९ | |

जनगणना ०७८ का अनुसार कुल घरधुरी : ३४५३ ।

२.८ प्रतिशत अपाङ्ग जनसंख्या रहेको छ ।

## खण्ड ३ रणनैतीक विश्लेषण

दिगो आर्थिक वृद्धि र गरिबी न्यूनीकरणको मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको तथ्यलाई विश्वको वर्तमान प्रवृतिका रुपमा स्वीकार गर्न थालिएको छ । कुनै पनि कार्यलाई व्यवस्थित मर्यादित र दीगो बनाउनको लागि सो कार्यको वर्तमान अवस्थामा भएका सबल दुर्बल तथा वास्तविक वस्तुस्थितिको ज्ञान राख्नु अर्थात् विश्लेषण गर्नु अपरिहार्य हुन्छ ।

जनगणना २०७८ अनुसार गाउँपालिकाको कूल जनसंख्या १५१६१ रहेको छ र जनगणना २०७८ अनुसार नै १८-५९ बर्ष उमेर समूहका श्रम योग्य जनसंख्या ७९१४ रहेको छ । श्रमयोग्य जनसंख्याले पूर्ण बेरोजगार भएर बस्नुपर्ने अवस्थाको अन्त्य गर्न  यस रणनैतीक  योजनाले व्यवसायिक तरिकाले कृषि खेती तथा पशुपालनका  जोड दिइने छ । साथै स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउनका लागि आवश्यकताअनुसार थप व्यवस्था समेत गरिने छ । तालिम प्रदान गरी आगामी.पाँच वर्षसम्म बेरोजगारहरूलाई सक्षम तथा सीपयुक्त जनशक्तिमा रुपान्तरण गर्ने कार्य समेत गरिने छ ।

यस रणनैतीक  योजनाले मुख्य रणनीतिको रुपमा राखेको आन्तरिक रोजगारी सृजना , सीपमूलक तालिम , वैदेशिक रोजगारीको लागि आवश्यक परामर्श सहित श्रम स्वीकृति तथा पुन : श्रम स्वीकृति सेवा प्रभावकारी रुपमा प्रदान गरिनु का साथै योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमा सहभागिताको लागि प्ररित गरिनुका साथै कार्यविधि बमोजिम कामकारवाही गरिने व्यवस्था यस रणनैनिक योजनामा गरिएको छ  । सुशासन प्रवर्धन हेतु रोजगार सेवाकेन्द्रमो भौतिक तथा क्षमता विकास  गरी सबै सेवाग्राहीहरूलाई छिटो छरितो रुपमा सेवा प्रदान गर्ने कार्यमा समेत यो रणनैतीक योजनाले सहयोग पुऱ्याउने देखिन्छ ।

## खण्ड ४ रणनैतीक  सवालहरू

कुनै पनि कुरा सृजना हुनुको पछाडि कुनै न कुनै कारण विद्यमान । यस रणनीतिक योजना निर्माण गर्नुको कारण राणनैतिक योजना निर्माण गर्न घच्घच्याउने तत्त्व नै राणनीतिक सवाल हुन । अत : रोजगार रणनीति निमार्णका सवालहरू देहायबमोजिम रहेका छन् ।

- ✓ नेपालको संविधान २०७२ को भाग ३ मौलिक हकको धारा ३३ मा रहेको रोजगारीको हक र धारा मा ३४ रहेको  श्रम सम्बन्धी हक,
- ✓ रोजगारीको हक सम्बन्धी ऐन २०७५, रोजगारीको हक सम्बन्धी नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ ,
- ✓ स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन २०८०, राष्ट्रिय रोजगार नीति
- ✓ २०७८ को जनगणना  तथा आर्थिक गणना ,
- ✓ गाउँपालिकाको पञ्च बर्षीय आवधिक योजना,
- ✓ युवा राजगारीका लागि रुपान्तरण पहल आयोजना ( सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ ) ।

**खण्ड ५ दूरदृष्टि ,ध्येय र उद्येश्य :**

**क) दूरदृष्टि**

कामको अभावमा बेरोजगार बस्नु पर्ने अवस्थाको अन्त्य गर्नु अजयमेरु गाउँपालिकाको दीर्घकालीन दूरदृष्टि रहने छ ।

**ख) ध्येय ,उद्येश्य :**

- स्थानीय तहमा रहेका सीप विकास , उद्यमशिलता स्वरोजगारीको तथ्यांक संकलन र विश्लेषण गरी अवसरको पहिचान गर्ने ,
- स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गर्ने ,
- श्रम बजारको माग बमोजिम जनशक्तिको उत्पादन , उत्पादकत्व र उत्पादनशीलता अभिवृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने,
- स्थानीय तहमा दक्ष प्रतिष्पर्धी र उद्यमशील मानवीय स्रोतको विकास गर्ने ,
- स्थानीय तहबाट नागरिकलाई व्यवसायिक सीप विकास , रोजगारी प्रवर्द्धन , उत्पादनशिल रोजगारी सृजना ,उद्यमशीलता प्रवर्द्धन , रोजगारीमा पदस्थापना , स्वोरोजगारी , वैदेशिक रोजगारीमा जानेलाई दिइने सेवा वैदेशिक रोजगारीवाट फर्केका श्रमिकको सामाजिक आर्थिक पारिवारिक रुपमा पुनर्स्थापना तथा पुनःएकीकरण लगायतका सेवा लगायतका एकीकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्ने ।

**(ग) रणनैतीक लक्ष्यहरू :**

❖ यस रणनैतीक योजनाका लक्ष्यहरू देहायबमोजिम रहने छन् :

- नेपालको संविधान २०७२ ले मौलिक हकको रुपमा सुनिश्चत गरेको रोजगारीको हकलाई कार्यान्वयन गरी बेरोजगारीको अन्त्य गर्नु ,
- अर्ध बेरोजगार तथा पूर्ण बेरोजगार जनसंख्यालाई सीप विकास तालिम मार्फत उत्पादनमूलक जनशक्तिमा परिणत गर्नु ,
- स्थानीय स्तरमा रहेका परम्परागत सीपहरू, आरन , बेत, बाँस तथा निगालोका सामग्रीहरू, मूर्तिकला आदि सीपहरूलाई प्रयोग गर्दै आइरहेका स्वरोजगारहरूलाई आधुनिक तालिम प्रदान गरी ,सफल उद्यमीको रुपमा परिणत गर्ने ,
- श्रमप्रतिको सकारात्मक धारणाको विकास गर्नु
- समग्र पालिकाभित्र बालश्रमलाई निरुत्शाही गर्दै सुशासन प्रर्वद्धनतर्फ उन्मुख गराउनु ,
- रोजगार सेवा केन्द्रमा दर्ता बेरोजगारमध्ये संघीय सरकारको न्यूनतम रोजगारीको लागि विनियोजित बजेटले अपुग भएका र प्राथमिकताक्रममा नपरेका अति विपन्न ६ देखि १२ जना बेरोजगारहरूलाई गाउँपालिकाले गाउँ कार्यपालिकाको निर्णय बमोजिम न्यूनतम रोजगार प्रदान गरिने।

**खण्ड ७ रणनैतीक  स्तम्भ प्रमुख रणनीतिहरू**

- आन्तरिक रोजगारी प्रवर्द्धन ,
- व्यवसायिक सीप विकास र तालिम ,
- वैदेशिक रोजगारीका लागि सहजीकरण ,
- योग्दानमा आधारित सामाजिक सुरक्षा ,
- सुशासन प्रवर्द्धन गर्ने ।

## ,खण्ड : आठ : पाँच वर्षको रणनैतीक कार्ययोजना

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय शाखा | सहयोगी निकाय | समयावधि | कार्य सम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| रणनीतिक स्तम्भ नं. १<br>आन्तरिक रोजगारी प्रवर्द्धन | | | | | | | |
| रणनीति : १.१ न्युनतम रोजगारीको प्रत्याभूति गर्ने । | | | | | | | |
| कार्यनीति : १.१.१ न्युनतम रोजगारीको प्रत्याभूति हुने गरी रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ । | | | | | | | |
| १.१.१.१ | प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्ने, | अ.गा.पा. रोजगार सेवा केन्द्र | सरोकारवाला | पहिलो | बेरोजगारको तथ्यांक अध्यावधिक गर्ने | ३४८०००० | ङ |
| १.१.१.२ | स्थानीय स्तरमा रहेका रोजगारीका क्षेत्रहरूको पहिचान तथा सिर्जना गर्ने, | अ.गा.पा. रोजगार सेवा केन्द्र | विषयगत शाखा तथा वडा कार्यालय | निरन्तर | रोजगारीका सम्भाव्य क्षेत्र हरूको अध्ययन अनुसन्धान गर्ने , | ३०५२५५ | क |
| १.१.१.३ | न्यूनतम रोजगारीको अवसर सुनिश्चत गर्ने, | अ.गा.पा. रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | श्रममूलक आयोजना हरू सञ्चालनमा ल्याउने | ० | ख |
| १.१.१.४ | रोजगार सेवा केन्द्रका कर्मचारीको क्षमता विकास गर्ने , | अ.गा.पा. रोजगार सेवा केन्द्र | प्रधानमन्त्री रोजगार कार्यक्रम | प्रत्येक वर्ष | श्रमिक हरू लाई रोजगार सेवा तथा सुविधा प्रदान गर्ने, | १२२१०२ | क |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कार्यनीति : १.१.२ श्रम र श्रमिकप्रति सकारात्मक धारणा विकास गरिने छ । | | | | | | | |
| १.१.२.१ | श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गर्ने , | अ.गा.पा. रोजगार सेवा केन्द्र | सरोकारवाल ा | वर्षमा एक पटक | श्रमिक प्रतिको व्यवहारमा सकारात्मक परिवर्तन गर्ने, | ३६६३०० | च |
| १.१.२.२ | अति विपन्न परिवारका ६जना देखि १२ जना बेरोजगारलाई न्यूनतम रोजगारी प्रदान गर्ने , | रोजगार सेवा केन्द्र | गाउँपालिका | निरन्तर | कार्यपालिका निर्णय अनुसार प्राथमिकता नपरेका अति विपन्न वेरोजगारलाई रोजगारी दिइएको हुने । | १०१३७४२ | |
| कार्यनीति : १ १ ३ गाउँपालिकाका निकायबाट हुने खर्चलाई रोजगार सृजनासँग आवद्ध गरिने छ । | | | | | | | |
| १.१.३.१ | गाउँपालिकाबाट रोजगारी सृजना हुने कार्यक्रम सञ्चालन गर्ने , | अ.गा.पा. रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | रोजगारी सृजनामा वृद्धि | ० | ख |
| १.१.३.२ | वर्षिक बजेट कार्यान्वयन गर्दा सृजना भएको रोजगारीको संख्याको नियमित प्रतिवेदन गर्ने , | अ.गा.पा. रोजगार सेवा केन्द्र | सरोकारवाला | वार्षिक रुपमा एक पटक | रोजगारीको संख्याको विवरण नियमित रुपमा अध्यावधिक र प्रकाशन | ५००० | घ |
| १.१.४.१ | सार्वजनिक निर्माणका कार्यहरूमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने व्यवस्था मिलाउने र सो सम्बन्धमा अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने, | | | निरन्तर | श्रममूलक प्रविधिको प्रयोग तथा रोजगारी सृजनामा वृद्धि, | ५०००० | ख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.१.५.१ | आन्तरिक रोजगारी सृजना तथा उद्यमशिलता प्रवर्द्धनको लागि संघ ,प्रदेश तथा अन्य निकायसँग प्रभावकारी समन्वय गर्ने, | संघ प्रदेश र अन्य | | निरन्तर | अन्तर तह तथा अन्तर निकाय गत प्रभावकारी समन्वय | १००००० | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रणनीतिक स्तम्भ नं. २<br>व्यवसायिक सीप विकास र तालिम | | | | | | | |
| रणनीति : २.१ स्थानीय श्रम बजारको आवश्यकता बमोजिम दक्ष तथा अर्धदक्ष जनशक्तिको माग र आपूर्ति बीच सन्तुलन कायम गर्ने । | | | | | | | |
| कार्यनीति : २.१.१ रोजगारमूलक व्यवसायिक तथा सीपमूलक तालिम सम्बन्धी राष्ट्रिय नीति तथा कानुनको अनुसरण तथा स्थानीय नीति तथा कानुनको तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ । | | | | | | | |
| २.१.१.१ | स्थानीय व्यवसायिक सीप विकास तालिम नीति तर्जुमा गर्ने, | अ.गा.पा. रोजगार सेवा केन्द्र | सरोकारवाला | पहलो वर्ष | नीति तर्जुमा भएको हुने | ५०००० | - |
| २.१.१.२ | व्यवसायिक सीप विकास तालिक सम्बन्धी कानुन तर्जुमा गर्ने , | अ.गा.पा. रोजगार सेवा केन्द्र | सरोकारवाला | दोस्रो बर्ष | कानुन तर्जुमा भएको हुने , | ५०००० | - |
| कार्यनीति :२.१.२ कार्यस्थलमा आधारित सीपमूलक तालिम सञ्चालन गरी रोजगारीसँग आवद्ध गरिने छ। | | | | | | | |
| २.१.२.१ | बेरोजगार तथा श्रमिकहरूलाई व्यवसायिक तथा सीपमूलक तालिम प्रदान गर्ने, | अ.गा.पा. रोजगार सेवा केन्द्र | प्रधानमन्त्री रोजगार कार्यक्रम | पहिलो बर्ष | तालिम प्राप्त श्रमिक हरूलाई बजारीकरण गर्ने, | २३०३००० | ख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रणनीतिक स्तम्भ नं. ३<br>वैदेशिक रोजगारीका लागि सहजीकरण | | | | | | | |
| ३.१ वैदेशिक रोजगारीका लागि सहजीकरण गरिने छ । | | | | | | | |
| ३.१.१ वैदेशिक रोजगारीका लागि जाने श्रमिक हरूलाई आवश्यक तालिम प्रदान गरी श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको सेवा प्रदान गर्ने , | | | | | | | |
| ३.१.१.१ | श्रम स्वीकृति र पुन : श्रम स्वीकृति सेवा प्रदान सँगै वैदेशिक रोजगारीका लागि माग अनुसारको सेवा प्रदान गर्न तालिम सञ्चालन गर्ने, | अ.गा.पा. रोजगार सेवा केन्द्र | प्रधानमन्त्री रोजगार कार्यक्रम | निरन्तर | तालिम सञ्चालन भएको हुने , | ० | ख |
| ३.१.१. | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा निजको परिवारलाई लक्षित गरी रोजगारी र उद्यमशिलतामा आधारित पुन : एकीकरण कार्यक्रम सञ्चालनमा ल्याइने, | अ.गा.पा. रोजगार सेवा केन्द्र | पुन : एकीकरण कार्यक्रम | निरन्तर | वैदेशिक रोजगारीका लागि सहजीकरण | ० | ग |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रणनीतिक स्तम्भ नं. ४<br>योग्दानमा आधारित सामाजिक सुरक्षा | | | | | | | |
| रणनीति : ४.१ स्थानीय स्तरमा औपचारिक अनौपचारिक तथा वैदेशिक रोजगारीका क्षेत्रमा रहेका श्रमिक एवम् स्वरोजगारमा रहेका व्यक्ति र कर्मचारिलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने , | | | | | | | |
| कार्यनीति : ४.१.१ सामाजिक सुरक्षा सम्बन्धी कानुनको अनुसरण गर्दै लगिने छ । | | | | | | | |
| ४.१.१.१ | समाजिक सुरक्षा कोष ऐन २०७५ लगायतका कानुनको पालना तथा अनुसरण गर्ने, | अ. गा. पा. कार्यालय र रोजगार सेवा केन्द्र | सामाजिक सुरक्षा कोष | निरन्तर | सामाजिक सुरक्षा कोष ऐनको पालना भएको हुने | ० | - |
| रणनीतिक स्तम्भ नं. ५<br>सुशासन प्रवर्द्धन | | | | | | | |
| रणनीति : ५.१ आन्तरिक रोजगार व्यवस्थापन लाई प्रभावकारी बनाउने | | | | | | | |
| कार्यनीति : ५.१.१ रोजगारीको माग र आपुर्ति व्यवस्थालाई प्रभावकारी बनाउन गाउँपालिकामा रोजगार सेवा विनियमको अवधारणा लागु गरिने छ । | | | | | | | |
| ५.१.१.१ | रोजगार सेवा केन्द्रको स्तरोन्नी र सुदृढीकरण गर्ने, | अ. गा. पा. कार्यालय र रोजगार सेवा केन्द्र | सरोकारवाला | नियमित | रोजगार सेवाकेन्द्रबाट प्रभावकारी रुपमा सेवा प्रवाह भएको हुने , | १२२१०२० | - |

## खण्ड ९ श्रोत परिचालन र बजेट व्यवस्थापन

| रणनीतिक स्तम्भ | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | ०८० /०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| आन्तरिक रोजगारी प्रवर्द्धन | ३५४००००। | ३८९४०००। | ४२८३४००। | ४७११७४०। | ५१८२९१४। |
| व्यवसायिक सीप विकास र तालिम | २३०३०००। | २५३३३००। | २७८६६३०। | ३०६५२९३। | ३३९१७९५। |
| वैदेशिक रोजगारीका लागि सहजीकरण | २००००। | २२०००। | २४२००। | २६६२०। | २९२८२। |
| रोजगारीका सम्भाव्य क्षेत्रको पहिचान | ५००००। | ५५०००। | ६०५००। | ६६५५०। | ७३२०५। |
| सुशासन प्रवर्द्धन | २०००००। | २२००००। | २४२०००। | २६६२००। | २९२८२०। |

**खण्ड १० रणनैतीक योजनाको निर्देशक समिति ,अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था** ,

**(क) रणनैतीक योजनाको निर्देशक समिति**

स्थानीय रोजगार रणनीतिको कार्यान्वयनको जिम्मेवारी रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम १५ बमोजिमको स्थानीय निर्देशक समितिको रहने छ ।

**ँस्थानीय निर्देशक समितिको / रणनैतीक योजनाको निर्देशक समितिको काम, कर्तव्य / अधिकार/ः**

स्थानीय निर्देशक समितिको /रणनैतीक योजनाको निर्देशक समितिको काम, कर्तव्य/ अधिकार/ देहाय बमोजिम हुनेछः-

(अ) गाउँपालिका भित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने,

(आ) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न नीति गाउँकार्यपालिका गाउँपालिका समक्ष सिफारिस गर्ने,

(इ) गाउँपालिका भित्रको बेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने,

(ई) गाउँपालिका भित्र सञ्चालित रोजगार कार्यक्रम तथा बेरोजगार सहायता कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने,

(उ) समितिले दिएको मार्गदर्शन बमोजिम काम गर्ने

**(ख) रणनैतीक योजनाको अनुगमन र मूल्याङ्कन समिति**

**यस रणनैतीक योजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी समिति** रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम १५ बमोजिमको स्थानीय निर्देशक समितिको नै रहने छ । समितिमा देहाय बमोजिमका पदाधिकारीहरू रहनेछन् :

| | |
|---|---|
| (अ) गाउँपालिका अध्यक्ष | संयोजक |
| (आ) गाँउपालिका उपाध्यक्ष | सदस्य |
| (इ) गाउँपालिका अध्यक्षले मनोनित गरेका दुई जना वडा अध्यक्ष | सदस्य |
| (ई) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (उ) रोजगार संयोजक | सदस्य सचिव |

(ऊ) आवश्यकता अनुसार सरोकारवाला अन्य व्यक्ति तथा पदाधिकारीहरूलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिने छ ।

(ग) रणनैतीक योजनाको निर्देशक समितिको सचिवालय सम्बन्धित गाउँकार्यपालिका वा नगरकार्यपालिकामा रहनेछ ।

१०. रणनैतीक योजनाको निर्देशक समितिको बैठक :

(१) रणनैतीक योजनाको निर्देशक समितिको बैठक अध्यक्ष/ **संयोजक**ले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) रणनैतीक योजनाको निर्देशक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ ।

(३) रणनैतीक योजनाको निर्देशक समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४)रणनैतीक योजनाका निर्देशक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

(५)रणनैतीक योजनाको निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि रणनैतीक योजनाको निर्देशक समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) स्थानीय रणनैतीक योजनाको निर्देशक समितिले गरेको निर्णयको कार्यान्वयन सम्बन्धित स्थानीय तहको गाउँकार्यपालिकाले गर्नेछ ।

**खण्ड ११ जोखिम व्यवस्थापन :**

जोखिम व्यवस्थापन जोखिम न्युनीकरणको प्रारम्भ अर्थात् जोखिमको पहिचानबाट सुरु हुन्छ । जोखिम व्यवस्थापन भनेको जोखिमलाई कम गर्ने वा जोखिम निराकरण गर्ने कार्य हो । रोजगार रणनीति तर्जुमा भए पश्चात् कार्यन्वयनका क्रममा देखापर्ने जोखिम व्यवस्थापन गर्न देहाय बमोजिम कार्य गरिने छ :

- रोजगारीका क्षेत्रको पहिचान गर्ने,
- स्रोतको पहिचान तथा व्यवस्थित परिचालन गर्ने,
- सरोकारवालाहरू बीच समय समयमा समन्वय तथा अन्तर्क्रिया गर्ने,
- स्वरोजगारीका अवसरहरूको पूर्ण परिपालन गर्नु पर्ने नीति निर्माण गर्ने,
- श्रममूलक प्रविधिको प्रयोगलाई अनिवार्य गराउने,
- वास्तविक बेरोजगारलाई मात्र कार्यक्रममा सहभागी गराउने,
- तालिम लिने प्रशिक्षार्थी श्रमिकबाट कवुलियतनामा गरी तालिम प्रदान गर्ने । ,

## अनुसूचीहरू
## अनुसूची : एक

| अजयमेरु गाउँपालिका लाई रोजगार तथा स्वरोजगार बनाउन आगामी पाँच वर्षभित्र सञ्चालन गरिने सीप तथा क्षमता अभिवृद्धिका क्रियाकलाप | | | | |
|---|---|---|---|---|
| **क. शं.** | **प्रदान गरिने सीप /तालिम** | **संख्या** | **अवधि** | **कैफियत** |
| १. | व्यवसायिक कृषि सम्बन्धी तालिम | ५००जना | १हप्ता | |
| २ | व्यवसायिक पशुपालन सम्बन्धी तालिम | ५००जना | १ हप्ता | |
| | व्यावसायिक कुखुरा पालन सम्बन्धी तालिम | २५० जना | १ हप्ता | |
| ३ | अचार बनाउने - अमला, कागती, खुर्सानी,लसुन, .....आदि | १५० जना | १हप्ता | |
| ४ | तितेपातीको तेल तथा धुप | ३० जना | १ हप्ता | |
| ५ | ब्युटिपार्लर | १२ जना | ३ महिना | |
| ६ | बेत बाँसका सामग्री निर्माण | ५० जना | १ महिना | |
| ७ | विद्युतीय एल. इ. डी. बल्ब निर्माण | १५० जना | १ हप्ता | |
| ८ | टपरी दुना बनाउने | १५० जना | १५ दिन | |
| ९ | मोटर बाईक मर्मत | ६ जना | ३ महिना | |
| १० | कपाल कटिङ्ग | ६ जना | १ महिना | |
| ११ | पलम्बर | २० जना | ५० दिन | |
| १२ | इलेक्ट्रिसियन | २० जना | ५० दिन | |
| १३ | सिलाई कटाइ , बुनाई | १५० जना | ३/३महिना | |
| १४ | सिर्कमी | १२ जना | ५० दिन | |
| १५ | डर्कमी | १२ जना | ५० दिन | |
| १६ | दाना उत्पादन तालिम | १२ जना | १ महिना | |
| १७ | ह्याचरी तालिम | १२ जना | १ महिना | |

**अनुसूची : दुई**

रोजगार रणनीति कार्यन्वयन गर्दा आउन सक्ने जोखिमहरू

(क) स्रोतको व्यवस्थापन

(ख) सरकारी गैरसरकारी र निजि क्षेत्र बीच प्रभावकारी समन्वय

(ग) संघ र प्रदेशको प्राथमिकतासँगको सामन्जस्यता

(घ) विषयगत शाखा वडा कार्यालय र सरोकारवाला बीच समन्वय

(ङ) बजेट र श्रमिकका बीचमा तादाम्यता कायम गरी रोजगारी प्रदान गर्नु

(च) दक्ष जनशक्तिको सहज पहुँच, उपयोग तथा सेवाको उपलब्धता कायम गर्नु ।

## अनुसूची : तीन

## अजयमेरु गाउँपालिकाको रोजगार रणनीति नतिजा खाका

| क्र. स | नतिजा सूचक | एकाइ | आधार तथ्याङ्क | लक्ष्य आ. व . अनुसार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८०/०८१ | २०८०/०८१ | २०८०/०८१ | २०८०/०८१ | २०८०/०८१ | |
| १ | न्युनतम रोजगार प्राप्त संख्या | जना | २७१ | २८६ | ३०१ | ३१६ | ३३१ | ३४६ | ३६१ | १ आ. ब. १५ जना वृद्धि |
| २ | व्यावसायिक सीपमूलक तालिम प्राप्त | जना | ल.उ. मार्फत ८० | ९० | १०० | ११० | १२० | १३० | १४० | १ आ. ब. १० जना वृद्धि |
| ३ | वैदेशिक रोजगारी बाटफर्किएर नेपालमै काम गर्न चाहनेको संख्या | जना | १३४ | १५४ | १७४ | १९४ | २१४ | २३४ | २५४ | १ आ. ब. २० जना वृद्धि |
| ४ | उद्योग प्रतिष्ठानको संख्या | वटा | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | ९० | १ आ. ब. ५ जना वृद्धि |
| ५ | व्यवसायिक कृषि पेशामा संलग्न संख्या | जना | ११८ | १२८ | १३८ | १४८ | १५८ | १६८ | १७८ | १ आ. ब. १० जना वृद्धि |
| ६ | व्यवसायिक पशु पालनमा संलग्न संख्या | जना | ९४ | १०४ | १०४ | १२४ | १३४ | १४४ | १५४ | १ आ. ब. १० जना वृद्धि |

## अनुसूची : चार

| अजयमेरु गाउँपालिका भित्र आगामी पाँच बर्षको अवधिमा स्वरोजगार सहित नयाँ उद्योग तथा प्रतिष्ठानहरू खोल्न सकिने संख्या | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र. सं.** | **उद्योग तथा प्रतिष्ठान** | **विद्यमान** | **थप सम्भावना** | **रोजगार प्राप्त गर्ने संख्या** | **स्वरोजगार हुने संख्या** | **कैफियत** |
| १ | काष्ठ उद्योग | ५ | ५ | ६ | ४ | |
| २ | दाना उद्योग | १ | १ | ० | ० | |
| ३ | डेरी उद्योग | २ | २ | ५ | ५ | |
| ४ | ह्याचरी उद्योग | ३ | ३ | २ | २ | |
| ५ | कोलु | ८ | ० | ० | ० | |
| ६ | मिल | ३८ | ५ | ३ | ३ | |
| ८ | मूर्ति तथा भाडा उद्योग | १९ | ५ | ० | ३ | |
| ९ | अचार उद्योग | ० | ६ | ६ | ६ | |
| १० | नमकिन चिप्स उद्योग | ० | ६ | ६ | ६ | |
| ११ | एल.इ.डी बल्भ निर्माण उद्योग | ० | ६ | ६ | ६ | |
| १२ | तितेपाति तेल तथा धुप उद्योग | ० | ६ | ६ | ६ | |